देवचुली नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड: ७** **सख्या: १२**

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८१/११/२८

प्रमाणिकरण मिति २०८१।११।२५

स्वीकृत मिति २०८१।११।२३

भाग २

## सामुदायिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि – २०८१

**प्रस्तावना:** देवचुली नगरपालिकामा रहेका सामुदायिक विद्यालयमा आधारभूत पूर्वाधार विकास, दक्ष विषयगत शिक्षकको व्यवस्था, उपयूक्त सिकाइ वातावरण सहित शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै विद्यालयको सवलीकरण र सुदृढिकरण गर्न दुई वा सो भन्दा बढी विद्यालय एक आपसमा समायोजन एवम् एकिकरण गरी शैक्षिक गुणस्तर वृद्धि गर्न सामुदायिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ तथा देवचुली नगरपालिकाको नगर शिक्षा ऐन, २०७६ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी देवचुली नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद – १

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम “सामुदायिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१” रहेको छ।

२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. ‘कार्यपालिका’ भन्नाले देवचुली नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ख. ‘केन्द्र’ भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्दछ।

ग. ‘नगरपालिका’ भन्नाले देवचुली नगरपालिका सम्झनु पर्दछ।

घ. ‘विद्यालय’ भन्नाले देवचुली नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरु सम्झनु पर्दछ

ङ. “विद्यालय समायोजन एवम् एकीकरण” भन्नाले दुई वा सो भन्दा बढी विद्यालय वा विद्यालयका तह वा कक्षा एक आपसमा गाभेर सामुदायिक विद्यालयमा समायोजन, एकीकरण वा स्थापना गर्ने कार्यलाई सम्झनु पर्दछ।

च. ‘मन्त्रालय’ भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्दछ।

छ. ‘शाखा’ भन्नाले देवचुली नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

ज. ‘समिति’ भन्नाले देवचुली नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्दछ।

## परिच्छेद – २

## विद्यालय समायोजन तथा एकीकरणका आधारहरु

३. **विद्यालय समायोजन एवम् एकीकरणका आधारहरूः** १) विद्यालय समायोजन एवम् एकिकरणका आधारहरु देहाय वमोजिम हुनेछन्

क. विद्यार्थी सङ्ख्याः तहगत रुपमा देहाय बमोजिमका विद्यार्थी संख्या भन्दा कम भएका विद्यालयहरु,

| विद्यालयको तह | आधारभूत तह कक्षा १-३ | आधारभूत तह कक्षा १-५ | आधारभूत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक तह कक्षा ११-१२ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ |
|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | ६० | १०० | ६० | ४० | ४० | १६० | २०० | २४० |

ख. विद्यालयको दुरी र आवतजावत गर्न लाग्ने समयः विद्यालयहरु बीचको दुरी ४ कि.मी. भन्दा कम भई आधा घण्टा समय सम्म पैदल यात्राको समय लाग्ने वा सडक यातायातको पहुँच भई स्कुल बस प्रयोग गरी विद्यालय आउन जान एकतर्फी बीस मिनेट भन्दा कम समय लाग्ने विद्यालयहरु।

ग. विद्यालयको स्तरः कक्षा ५, ८ र १० को अन्तिम परीक्षामा ५० प्रतिशत भन्दा कम विद्यार्थी उत्तिर्ण भएका विद्यालयहरु।

देवचुली नगरपालिका राजपत्र

घ. नमुना विद्यालय विकासः दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन वा एकीकरण गरी नगरपालिकाको विशिष्ट पहिचान सहितको उत्कृष्ट विदयालयको रुपमा नमुना विद्यालय विकास गर्न ।

ङ. ठूला विद्यालय अवधारणा कार्यान्वयनः भौगोलिक हिसाबले नजिक रहेका २ वा सो भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन वा एकीकरण गरी विद्यार्थी संख्या, भौतिक पूर्वाधार, विद्यालयको जग्गा, शैक्षिक जनशक्ति सहितको उत्कृष्ट सिकाइ वातावरण सिर्जना गर्न ठूलो सामुदायिक माध्यमिक विद्यालय सञ्चालन गर्न ।

च. उपदफा (१) को खण्ड (क) देखि (ङ) सम्म जुनसुकै कुरा लेखिएता पनि भौगोलिक रुपमा टाढा रहेका, यातायातको राम्रो सुविधा नभएका, नजिकको दुरिमा विद्यालय नभएका, अलग्गै वस्ती भएका, बाटोमा खोलानाला भएको एवम् बाढी पहिरोको जोखिम भएका विद्यालयको हकमा कार्यपालिकाले थप अध्ययन गरी निर्णय गर्न सक्नेछ । साथै समुदायको आवश्यकता अनुसार गाभिने वा बन्द गरिने विद्यालयमा सञ्चालित प्रारम्भिक बाल विकास कक्षा कायम गर्न सकिनेछ ।

४. **विद्यालयका आधारभूत पूर्वाधार सम्वन्धी व्यवस्थाः**१) समायोजन एवम् एकीकरण भएपछी बन्ने विद्यालयले शिक्षा नियमावली, २०५९ को अनुसूचि ३ वमोजिमको विद्यालयको लागि चाहिने आधारभूत पूर्वाधार विकास भएको सूनिश्चितता गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम पूर्वाधारको सुनिश्चितता नभएको तर सो अनुसार पूर्वाधार तयार गर्न सक्ने सामर्थ्य भएका विद्यालयहरुले कार्ययोजना सहितको प्रतिवद्धता पेश गर्न सक्नेछन ।

## परिच्छेदः ३

## विद्यलाय समायोजन तथा एकीकरण पछि गर्नुपर्ने शैक्षिक तथा अन्य व्यवस्थापन एवम् विद्यालय नामाकरण

५. **विद्यालयको शैक्षिक तथा अन्य व्यवस्थापनः** विद्यालय समायोजन तथा एकिकरणपश्चात विद्यालयको शैक्षिक तथा अन्य व्यवस्थापन देहायवमोजिम गर्नुपर्नेछ

क. गाभिने विद्यालयका प्रधानाध्यापक लगायत शिक्षक कर्मचारीहरुलाई शिक्षक दरवन्दी मिलानका आधारहरुमा रही गाभिएको विद्यालय वा अन्य विदयालयहरुमा नगर शिक्षा समितिको निर्णयानुसार व्यवस्थापन गर्नेछ ।

ख. विद्यालय समायोजन अन्तर्गतको शिक्षक व्यवस्थापन तथा शिक्षक दरवन्दी मिलानको शिक्षक थप गर्ने क्रममा समायोजनबाट कायम भएको विद्यालयलाई प्राथमिकता दिइनेछ ।

ग. गाभिन जाने विद्यालयमा कार्यरत प्रारम्भिक बाल विकास सहजकर्ता सो विद्यालयमा प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन हुँदासम्म सोहि केन्द्रमा कार्यरत रहेनछ । उक्त विद्यालयमा बालविकास केन्द्र सञ्चालन नभएको अवस्थामा सहयोगी कार्यकर्ताहरुलाई गाभिएर जाने विद्यालयमा व्यवस्थापन गरिनेछ । तर गाभिएको विद्यालयमा बाल विकास सहजकर्ता आवश्यक नभएमा विद्यार्थी संख्याको आधारमा अन्य विद्यालयमा व्यवस्थापन गर्न सकिनेछ।

घ. विद्यालय समायोजन पश्चात अर्को व्यवस्था नभएसम्मको लागि गाभिने विद्यालयको विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतका संयन्त्रहरु स्वतः निस्कृय रहनेछन ।

ङ. समायोजन भई बनेको विद्यालयका संयन्त्रहरुले तोकिएको कार्य गर्नेछन। यसरी तोकिएका काम काज गर्ने क्रममा गाभिने विद्यालयका विभिन्न संयन्त्रहरुलाई आमन्त्रण गर्न सकिनेछ। साथै समायोजन भई बनेको विद्यालयको व्यवस्थापन समितिमा कानुन वमोजिम मनोनित गर्नुपर्ने पद रिक्त रहेको भए गाभिने विद्यालय व्यवस्थापन समितिका सदस्यहरु मध्येबाट मनोनित गर्नुपर्नेछ।

च. एकिकरण भई बन्ने नयाँ विद्यालयको हकमा भने विद्यालय व्यस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतका संयन्त्रहरु कानुनी प्रकृया वमोजिम हुने विदयालयका अभिभावक समेतको सहभागितामा नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ।

छ. समायोजित भई बन्ने विद्यालयले गाभिन आउने विद्यालयको शिक्षक तथा विद्यार्थीहरुको अभिलेख सहितको विद्यालयको अभिलेख अद्यावधिक गरी सो को जानकारी नगरपालिकामा पेस गर्नपर्नेछ।

ज. गाभिन आउने विद्यालयको चल, अचल सम्पत्ति समायोजन भई बन्ने विद्यालयको जिम्मामा रहनेछ। सम्वन्धित विद्यालयले यसरी प्राप्त सम्पत्ती सहितको एकिकृत अभिलेख तयार गरी सो विवरण नगरपालिकामा बुझाउनुपर्नेछ ।

झ. विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागत अनुमान सहित नगरपालिकामा पेस गर्न सक्नेछ।

ञ. विद्यालय समायोजन भएकै कारण समायोजन पछि बन्ने विद्यालयको साविकको नाममा परिवर्तन हुने छैन। तर समायोजन तथा एकिकरण भई बन्ने विद्यालयको विद्यालय व्यवस्थापन समितिले नाम परिवर्तन वा नामाकरण गर्न चाहेमा प्रचलित कानुन व्यवस्था अनुसार विद्यालयको नाम परिवर्तन वा नामाकरण गर्न सकिनेछ।

## परिच्छेदः ४
## विद्यालय समायोजन प्रकृया

६. **विद्यालय समायोजन तथा वर्गिकरण समितिः** १) नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले विद्यालय समायोजनको लागि कार्यविधि वमोजिम अध्ययन गरी सिफारिस गर्न देहायको वमोजिमको नगर स्तरीय विद्यालय समायोजन तथा वर्गिकरण समिति गठन गर्नेछ।

| | |
|---|---|
| क. सामाजिक विकास समितिको संयोजकः | संयोजक |
| ख. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| ग. सामाजिक विकास समितिले तोकेको १ जना सामाजिक विकास समितिको सदस्यः | सदस्य |
| घ. नगर शिक्षा समितिले सदस्यहरु मध्येबाट तोकेका ३ जनाः | सदस्य |
| ङ. शिक्षा युवा तथा खेलकुद शाखाको अधिकृत १ जना | सदस्य सचिव |

२) उपदफा १ वमोजिम बनेको समितिले देहाय वमोजिमको कार्य गर्नेछ ।

क. नगरपालिकामा रहेका आधारभूत सामुदायिक विद्यालय, विद्यार्थी संख्या, शिक्षक सम्वन्धी तथ्याङ्क अध्ययन गरी प्रतिवेदन तयार गरी शिक्षा समितिलाई पेश गर्ने ।

ख. सो कार्यविधिमा रहेर तत्कालै समायोजन (विद्यालय तह /) गर्ने विद्यालय सहित आवश्यक सुझाव नगर शिक्षा समितिमार्फत कार्यपालिकामा बुझाउने ।

ग. संस्थागत विद्यालयको वर्गीकरणको लागि आवश्यक तथ्याङ्कहरु संकलन गरी शिक्षा समिति मार्फत कार्यपालिकालाई सुझाव सहित विवरण बुझाउने ।

घ. माध्यमिक विद्यालयहरुको अनुगमन तथा विवरणहरु संकलन गरी दीर्घकालीन योजनका साथ आगामी ३ वर्षमा तथा आगामी १० वर्षमा विद्यालय समायोजन तथा ठूला विद्यालय निर्माणको लागि आवश्यक सुझाव तथा विवरण नगर शिक्षा समितिमार्फत कार्यपालिकालाई बुझाउने ।

ङ. आवश्यकता अनुसार कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

३) उपदफा १ वमोजिमको समिति तथा २ वमोजिमका कार्यका सम्वन्धमा कार्यविधि स्वीकृत हुनु भन्दा पहिले नगर शिक्षा समितिको निर्णय अनुसार बनेका समिति तथा समितिले बुझाएको प्रतिवेदन यो कार्यविधि अनुसार नै भएको मानिनेछ ।

७. **विद्यालय समायोजन प्रकृयाः** १) विद्यालय समायोजन तथा वर्गीकरण समितिले पेश गरेको प्रतिवेदनका आधारमा नगर शिक्षा समितिले आवश्यक न्यूनतम आधारहरु पुरा नगरी विद्यालय समायोजनको लागि सिफारिसमा परेका विद्यालयहरुको विवरण अध्ययन गरी ती विद्यालयहरुलाई विद्यालय/तह समायोजनका आवश्यक प्रकृया अगाडि बढाउन शाखा मार्फत सूचना गर्नेछ ।

२) समायोजनको लागि सूचना प्राप्ती पश्चात विद्यालयको विद्यालय व्यवस्थापन समितिले शिक्षक, अभिभावक, समाजसेवी तथा शिक्षाप्रेमी, जनप्रतिनिधी सहित सामूहिक भेला गरी सम्भव भए सम्म सम्वन्धित वडाको पायक पर्ने विद्यालय, नभए नजिकको पायक पर्ने विद्यालयमा विद्यालय/तह समायोजन हुने विषयमा आवश्यक छलफल गरी निर्णय गर्ने ।

३) सामूहिक भेलाले गरेको निर्णय समेतका आधारमा विद्यालय व्यवस्थापन समितिले गाभिन जाने विद्यालयको नाम ठेगाना समेत तोकी सामायोजनमा जाने आधिकारिक निर्णय गर्ने तथा सो विद्यालयको आधिकारिक निर्णय सहितको जानकारी नगरपालिकामा पेस गरी समायोजनको लागि अनुमति माग्ने ।

४) गाभिने विद्यालयबाट प्राप्त विवरणका आधारमा गाभिन जाने विद्यालयमा विद्यालय समायोजनका लागि आवश्यक प्रकृया बढाउनको लागि सूचना गर्नेछ ।

५) गाभिन आउने विद्यालयको विद्यालय व्यवस्थापन समितिले सामुहिक भेला आयोजना गरी नगरपालिकाबाट प्राप्त सूचना अनुसार गाभिन तयार भएको विद्यालयलाई समायोजनको लागि निर्णय गर्ने ।

६) सो विद्यालयको विद्यालय व्यवस्थापन समितिले सामूहिक भेलाले गरेका निर्णय समेतका आधारमा गाभिन आउने विद्यालयलाई विद्यालयमा समायोजन गर्ने आधिकारिक निर्णय गरी उक्त विद्यालय समायोजनको लागि नगरपालिकामा निवेदन पेश गर्ने ।

७) दुवै विद्यालयको निवेदन तथा नगर शिक्षा समितिको सिफारिसको आधारमा कार्यपालिकाले विद्यालय/तह समायोजनको निर्णय गर्ने ।

८) अन्य विद्यालयमा समायोजन भएको विद्यालयको भौतिक सम्पत्ती समायोजनपछि बन्ने विद्यालयले आवश्यकता अनुसार प्रारम्भिक बालविकास सहितको आधारभूत कक्षा सञ्चालन, पुस्तकालय, प्रयोगशाला, सामुदायिक सिकाइ केन्द्र, सामुदायिक पुस्तकालय, जस्ता कार्यमा उपयोग गर्ने गरी भोगचलन गर्ने व्यवस्था नगरपालिकाले मिलाउनुपर्ने । साथै सो सम्पत्ति समायोजन भइ बन्ने विद्यालयको नाममा रहेतापनि नगरपालिकाले अत्यावश्यक परेको खण्डमा नगरपालिकाको अन्य प्रयोजनको लागि समेत प्रयोग गर्न सक्नेछ

९) उपदफा (१) देखि (८) सम्म जुनसुकै कुरा लेखिएको भएतापनि तोकिए वमोजिम विद्यालयले निर्णय गर्न नसकेमा विद्यालय/तह समायोजनको लागि सिफारिसमा परेका विद्यालयहरुलाई नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी सम्भव भए सम्म सम्वन्धित वडाको पायक पर्ने विद्यालय नभए नजिकको पायक पर्ने विद्यालयमा समायोजन गर्न सक्नेछ ।

## परिच्छेदः ५

## प्रोत्साहन अनुदान सम्वन्धी व्यवस्था

८. परिच्छेद ४ वमोजिमको प्रकृया पूरा गरी समायोजन भएका विद्यालयको हकमा नगरपालिकाले एक पटकको लागि देहाय बमोजिम प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

१) समायोजन भई बन्ने विद्यालयलाई प्रोत्साहन

क. विद्यालय समायोजन एवम् एकिकरण भएमाः दुई ओटा सामुदायिक विद्यालय समायोजन एवम् एकिकरण भएमा समायोजन भई बन्ने विद्यालयलाई देहाय अनुसार प्रोत्साहन अनुदान प्रदान गर्न सकिनेछ ।

| क्र.स. | समायोजन एवम् एकिकरण भएको विद्यालयको स्वरुप | प्रोत्साहन अनुदान |
|---|---|---|
| १. | कक्षा ३ सम्म सञ्चालित विद्यालय | ५ लाख |
| २. | कक्षा ५ सम्म सञ्चालित विद्यालय | ८ लाख |
| ३. | कक्षा ८ सम्म सञ्चालित विद्यालय | १० लाख |
| ४. | कक्षा १० सम्म सञ्चालित विद्यालय | १५ लाख |
| ५. | कक्षा १२ सम्म सञ्चालित विद्यालय | २० लाख |

ख. तह/कक्षा समायोजन भएमा

| क्र.स. | तह समायोजन भएको विद्यालयको स्वरुप | प्रोत्साहन अनुदान |
|---|---|---|
| १. | कक्षा ५ सम्म सञ्चालित विद्यालयको कक्षा ४- ५ समायोजन | ४ लाख |
| २. | कक्षा ८ सम्म सञ्चालित विद्यालयको कक्षा ६-८ समायोजन | ६ लाख |
| ३. | कक्षा ८ सम्म सञ्चालित विद्यालयको कक्षा ४-८ सम्म समायोजन | ८ लाख |
| ४. | कक्षा १० सम्म सञ्चालित विद्यालयको कक्षा ९- १० समायोजन भएमा | १० लाख |
| ५. | कक्षा १२ सम्म सञ्चालित विद्यालयको कक्षा ११ – १२ समायोजन भएमा | १२ लाख |
| ६. | कक्षा १२ सम्म सञ्चालित विद्यालयको कक्षा ९ – १२ समायोजन भएमा | १५ लाख |
| ७. | कक्षा १२ सम्म सञ्चालित विद्यालयको कक्षा ६ – १२ समायोजन भएमा | १८ लाख |

२) समायोजन हुने विद्यालयलाई प्रोत्साहन

क) विद्यालय समायोजन भई समायोजन भएको विद्यालयमा बाँकि रहेको कक्षा तथा तहलाई देहायवमोजिम प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

| क्र.स. | समायोजन भई बाँकि रहेको कक्षा तथा तह | प्रोत्साहन अनुदान |
|---|---|---|
| १. | कक्षा १ देखि सबै कक्षा सहित विद्यालय समायोजन भई बाँकी रहेको बालविकास कक्षा | ५ लाख |
| २. | आधारभूत तह कक्षा १-८ वा सो भन्दा माथि सञ्चालित विद्यालयको कक्षा ५ भन्दा माथिल्ला कक्षाहरु समायोजन भई बाँकि रहेको कक्षा १-५ | ६ लाख |
| ३. | माध्यमिक तह सञ्चालित विद्यालयको कक्षा ८ भन्दा माथि समायोजन भई बाँकि रहेको कक्षा १-८ | ८ लाख |
| ४. | माध्यमिक तह कक्षा ११-१२ समायोजन भई बाँकी रहेको कक्षा १-१० | ८ लाख |

३) उपदफा १ र २ बमोजिमको प्रोत्साहन अनुदानको रकम विद्यालय समायोजन पश्चातको बजेट नगरसभाबाट तोकिएको शीर्षकमा तोकिएको प्रोत्साहन बजेट पारित गरिसकेपछि मात्र उपलब्ध गराइनेछ । प्रोत्साहन रकम विद्यालयको आवश्यकता र अवस्था अनुसार कार्यपालिकाले परिमार्जन गर्न सक्नेछ ।

९. **अनुदान खर्च गर्ने क्षेत्रहरुः** १) विद्यालयले दफा १६ वमोजिम प्राप्त गरेको अनुदान रकम देहायवमोजिमको शीर्षकमा खर्च गर्न सक्नेछ ।

क. शिक्षक व्यवस्थापन

ख. भौतिक सुविधा विस्तार

ग. साझेदारीमा विद्यालय बस खरिद

घ. एकिकृत योजना निर्माण तथा तथ्याङ्क व्यवस्थापन

ङ. सूचना प्रविधि प्रयोगशाला तथा पुस्तकालय व्यवस्थापन

च. विज्ञान प्रयोगशाला व्यवस्थापन

छ. खेलकुद सामग्री र खेलमैदानको विकास र विस्तार

## परिच्छेदः ६
## विविध

१०. **सामाजिक परीक्षण, लेखा परीक्षण र प्राथमिकताः** १) समायोजन भई बनेको विद्यालयले समायोजन भई आएको विद्यालय समेतको अनिवार्य रुपमा सामाजिक परीक्षण र लेखा परीक्षण गराई नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

२) समायोजन भएका विद्यालयको नियमित अनुगमन तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ । नगरपालिकाबाट प्रदान गरिने सेवा तथा सुविधाहरुमा समायोजन भई बन्ने विद्यालयलाई प्राथमिकतामा राखिनेछ।

देवचुली नगरपालिका राजपत्र

अनुसूची – १

दफा ६ को उपदफा २ सँग सम्वन्धित

# देवचुली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### विद्यालय  अनुगमन फारम

विद्यालयको नाम, ठेगानाः  सञ्चालित कक्षा

| क्रस. | सूचक | | स्व मूल्याङ्कन | कार्यदलको मूल्याकंन | कैफियत | क्र.स. | सूचक | | स्व मूल्यांकन | कार्यदल को मूल्याकंन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी संख्या | बालविकास | | | | | गत आको .व. वार्षिक आम्दानी | संघीय तलब | | | |
| | | प्रावि. | | | | | | नगरपालिका अनुदान | | | |
| | | निवि.मा. | | | | | | अभिभावक सहयोग | | | |
| | | मा.वि. | | | | | | अन्य | | | |
| | | जम्मा | | | | | | जम्मा | | | |
| | शिक्षक | प्रा.वि. | | | | | गत आको .व. वार्षिक खर्च | दरवन्दीमा कार्यरत शिक्षक | | | |
| | | निवि.मा. | | | | | | आन्तरिक स्रोत | | | |
| | | मा.वि. | | | | | | जम्मा खर्च | | | |
| | | आन्तरिक स्रोत मावि. | | | | | विद्यालयको क्षेत्रफल | | | | |

देवचुली नगरपालिका राजपत्र

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | आन्तरिक स्रोत आवि. | | | | | सेवा क्षेत्रका साविद्यालय संख्या. | | | | |
| | | जम्मा | | | | | समुदायबाट विद्यालयको दुरी औसत | | | | |
| | विद्यालय कर्मचारी | सरकारी | | | | | नजिकको साविद्यालय नाम र सञ्चालित तह. | | | | |
| | | आन्तरिक स्रोत | | | | | नजिकको सामुदायिक विद्यालय सँगको दुरी | | | | |
| | बालविकास सहजकर्ता | सरकारी | | | | | विद्यालयको खेलमैदान | | | | |
| | | आन्तरिक स्रोत | | | | | प्रको व्यवस्थापन.अ. | | | | |
| क्रस. | सूचक | | स्व मूल्याङ्कन | कार्यदलको मूल्याकंन | कैफियत | क्र.स. | सूचक | | स्व मूल्याकंन | कार्यदलको मूल्याकंन | कैफियत |
| | कच्ची भवन | | | | | | सेवा क्षेत्रका घरधुरी संख्या | | | | |
| | पक्की भवन | | | | | | सेवा क्षेत्रका टोलको नाम र संख्या | | | | |
| | जम्मा कक्षाकोठा | | | | | | विद्यालयको घेरावार | | | | |
| | शुद्ध पिउने पानी | | | | | | प्रयोगशाला | विज्ञान | | | |
| | पुस्तकालय संख्या अवस्था | | | | | | | ICT | | | |
| | शौचालय संख्या तथा कच्चीपक्की/ | | | | | | विद्यालयले अवलम्बन गरेका नयाँ तथा असल पर्यत्नहरु | | | | |
| | फर्निचरको अवस्था | | | | | | अन्य थप | | | | |
| | | | | | | | | | | | |

देवचुली नगरपालिका राजपत्र

# उपस्थिति

| विद्यालयको तर्फबाट | | | समितिको तर्फबाट | | |
|---|---|---|---|---|---|
| नाम, थर | पद | हस्ताक्षर | नाम, थर | पद | हस्ताक्षर |
| | | | | संयोजक | |
| | | | | सदस्य | |
| | | | | सदस्य | |
| | | | | सदस्य | |
| | | | | सदस्य | |
| | | | | सदस्य | |
| | | | | सदस्य सचिव | |
| | | | विशेषअन्य उपस्थिति/ | | |
| | | | | | |
| | | | | | |

अनुसूची – २

दफा ६ को उपदफा २ सँग सम्वन्धित

# देवचुली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### विद्यालय अनुगमन फारम

विद्यालयको नाम, ठेगानाः सञ्चालित कक्षा

**विद्यालयको आवश्यकता र औचित्यताको पुष्ट्याईं**

विद्यालयको धारणा | कार्यदलको मूल्यांकन

............................................................ ..............................................

............................................................ ..............................................

............................................................ ..............................................

**<u>उपस्थिति</u>**

| **विद्यालयको तर्फबाट** | | | **समितिको तर्फबाट** | | |
|---|---|---|---|---|---|
| **नाम, थर** | **पद** | **हस्ताक्षर** | **नाम, थर** | **पद** | **हस्ताक्षर** |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले

दिबाकर पौडेल

प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र